# BALDWIN-WHITEHALL SCHOOL DISTRICT

Baldwin High School
Office of the Principal
4653 Clairton Boulevard - Pittsburgh, Pennsylvania - 15236-2150
Phone: 412.885.7500 - Fax: 412.885.6652 - www.bwschools.net


---

अगस्ट 26, 2021

प्रिय बाल्डविन हाइ स्कूलका विद्यार्थी तथा परिवारहरू-

बाल्डविन हाइ स्कूल फेकल्टी तथा कर्मचारी 2021-2022 शैक्षिक वर्षको लागि विद्यार्थीहरूलाई स्वागत गर्न उत्साहित छन्! मलाई लाग्छ कि बाल्डविन हाइ स्कूलमा प्रत्येक विद्यार्थी स्वागत गरिएको, सशक्तिकृत गरिएको तथा व्यस्त भएको महसुस गर्नुपर्दछ। जब तपाईंले नयाँ अनुभव तथा चुनौतीहरूले भरिपूर्ण शैक्षिक वर्ष सुरुवात गर्नुहुन्छ, म चाहन्छु कि तपाईं दुई प्रश्नहरूमा ध्यान दिनुहोस्: तपाईं कुन समस्याहरू समाधान गर्न चाहनुहुन्छ? तपाईं कुन प्रश्नहरूको जवाफ दिन चाहनुहुन्छ? यी समस्या तथा प्रश्नहरू आफु, तपाईंको कक्षा तथा उनीहरूको विषय, तपाईंको स्कूल, र तपाईंको समुदाय बारे हुनुपर्दछ।

2021-2022 शैक्षिक वर्षको रणनीतिक विषय "लिन इन" ("Lean In") हुनेछ। तपाईं सिक्दा असुविधामा ढल्कनुहोस् र आफ्नो सबै भन्दा राम्रो सम्भावित संस्करणमा विकसित हुनुहोस्।

BHS घटनाहरू बारे अपडेटहरूको लागि मलाई ट्विटर @TheBHSPrincipal मा फलो गर्नुहोस्, स्काईवार्ड (Skyward)मा ध्यान दिनुहोस्, र हाइ स्कूल वेबसाइट (High School's website) मा पहुँच लिनुहोस्।

तपाईंका कुनै प्रश्न वा चासोहरू छन् भने मसँग भेट्नको लागि म तपाईंलाई एउटा अपोइन्टमेन्ट लिन स्वागत गर्दछु। पुनः म अपेक्षा गर्दछु कि BHS मा तपाईंहरू मध्ये प्रत्येकले संलग्न, सशक्त, तथा स्वागत भएको महसुस गर्नुहुन्छ। म अपेक्षा गर्दछु कि तपाईंलाई धक्का र चुनौती दिइनेछ, र म अपेक्षा गर्दछु कि तपाईं आफ्नो असफलता तथा गल्तीहरूबाट सिक्नुहुन्छ । जब तपाईं यस वर्ष BHS मा प्रवेश गर्नुहुन्छ, म तपाईंलाई असुविधामा ढल्कन प्रोत्साहन गर्दछु किनभने तपाईं स्वयंको सबै भन्दा राम्रो सम्भावित संस्करणमा विकसित हुनुहुन्छ।

भवदीय,

Shaun Tomaszewski
प्रिन्सिपल

**स्वास्थ्य तथा सुरक्षा**

- BHS मा भित्र उपस्थित हुँदा सबै व्यक्तिहरूले मास्क अनिवार्य लगाउनु पर्दछ।
  - नाक र मुख माथि मास्क अनिवार्य लगाउनु पर्दछ।
  - खाँदा तथा पिउँदा क्याफेटेरियामा मास्क हटाउन सकिन्छ, तर सामाजिक घुलमेलको क्रममा अनिवार्य लगाउनु पर्दछ।
  - घाँटीका पट्टी तथा ठुला रुमालहरू फेस मास्कहरूको सट्टा अनुमति दिइएको विकल्प होइनन्।
  - डिस्पोजेबल मास्कहरूलाई निर्माताले तोकेको अवधि भन्दा लामो अवधिको लागि प्रयोग गर्नु हुँदैन।
  - उचित स्वच्छता सुनिश्चित गर्नको लागि कपडाको मास्कहरूलाई नियमित रूपमा धुनु पर्दछ।
- क्याफेटेरियामा बस्ने स्थान व्यक्तिगत डेस्कको रूपमा रहने छ।
- सम्भव हुने स्थानमा सामाजिक दूरी कायम राख्नु पर्दछ।

**BHS विद्यार्थी दिन**

- हाइ स्कूलको लागि घन्टी तालिका हल्का परिवर्तन भएको छ:

| पिरियड 1 | पिरियड 2 | पिरियड 3 | HR | पिरियड 4 | पिरियड 5 | पिरियड 6 | पिरियड 7 | पिरियड 8 |
|---|---|---|---|---|---|---|---|---|
| 7:35-8:16 | 8:20-9:01 | 9:05-9:46 | 9:50-10:08 | 10:12-10:53 | 10:57-11:38 | 11:42-12:24 | 12:28-1:10 | 1:14-1:56 |

- सबै विद्यार्थीहरूको लागि विद्यार्थी लकरहरू उपलब्ध छैनन्। यदि तपाईंलाई लकर आवश्यक छैन भने कृपया अगस्ट 30 सम्म यो गुगल फर्म पूरा गर्नुहोस्।
- बाल्डविन हाइ स्कूलले एक स्ट्याण्ड-अलोन होमरूम पिरियड सुरु गर्नेछ भन्नेमा उत्साहित छु। विद्यार्थी तथा फेकल्टीले यस समयलाई विद्यार्थी प्रशासन, कलेज तथा करियरको तयारीसँग जोडिएको स्कूल परामर्श कार्यालय पाठ, कमन सेन्स मिडिया पाठ, तथा साधारण सभाहरू लगायत विभिन्न गतिविधिहरूका लागि प्रयोग गर्नेछन्। विद्यार्थीहरूले आफ्नो फ्रेशम्यान वर्षदेखि आफ्नो सिनियर वर्षसम्म उही होमरूम तथा होमरूम शिक्षक राख्नेछन्, जसलाई सार्थक सम्बन्ध बनाउन अवसर प्रदान गरिनेछ।
  - तपाईंको तालिकामा HR पिरियड "00" को रूपमा देखा पर्नेछ, तर तेश्रो तथा चौथो पिरियडको बीचमा हुनेछ।
- फ्रेशम्यान आमाबुवाको अभिमुखीकरण अगस्ट 30 बेलुका 6:30 मा हुनेछ। कार्यक्रमको केही दिन भित्रै हाम्रो वेबसाइटमा प्रेजेन्टेसनको एउटा लिंक पोस्ट गरिनेछ।
- अनुपस्थिति, ढिलाई, वा छिटो खारेजीको लागि बिन्तीहरू अनिवार्य डिस्ट्रिक्ट नीतिहरूको पालना गर्नु पर्दछ र हाम्रो उपस्थिति सचिव Beth Depetro (bdepetro@bwschools.net) लाई इमेल गर्न सकिन्छ।

**प्रशासनिक तथा स्कूल परामर्श कार्यालय**

- BHS प्रशासनिक टीममा हाल एक रिक्त स्थान छ। हामीले रिक्त स्थान भर्नको लागि काम गरिरहँदा मिस्टर Tomaszewski ले 2023 र 2024 को लागि ग्रेड स्तरीय प्रधानाध्यापकको जिम्मेवारीहरू ग्रहण गर्नुहुनेछ। मिस्टर Saras हाइ स्कूलको लागि सहायक प्रधानाध्यापक तथा एथलेटिक संयोजकको रूपमा कार्यरत रहनुहुन्छ र 2022 र 2025 को कक्षाहरूको लागि ग्रेड-स्तरीय जिम्मेवारीहरू लिनुहुनेछ।
- मिस्टर Tomaszewski ले शिक्षा तथा कार्यबलमा वर्तमान तथा भावी ट्रेन्डहरू छलफल गर्नको लागि इच्छुक आमाबुवाहरूलाई होस्ट गर्नुहुनेछ। हामी परिवारहरूलाई BHS लाइब्रेरीमा बेलुका 6-8 बजेसम्म उपस्थित हुन प्रोत्साहित गर्दछौं।
    - अक्टोबर 14 — डिजिटल सिटिजनशिप एण्ड सोसल मिडिया
    - डिसेम्बर 16 — कलेज एप्लिकेसन प्रोसेस
    - फेब्रुअरी 17 — पिट्सबर्ग क्षेत्रमा वर्तमान तथा भावी रोजगार बजार
    - अप्रिल 21 — सकारात्मक किशोर मानसिक स्वास्थ्यको प्रवर्धन

- स्कूल काउन्सेलरका केसलोडहरूलाई पुनः कन्फिगर गरिनेछ, ताकी हाम्रो चार काउन्सेलर मध्ये प्रत्येकले एक व्यक्तिगत कक्षा कोहर्ट लिन्छन् र सबै चार वर्षभरि त्यो कक्षामा लुप गर्छन्। Noel Santini 2022 कक्षाको स्कूल काउन्सेलर हुनुहुनेछ, Morgan Tremblay 2023 कक्षाको स्कूल काउन्सेलर हुनुहुनेछ, Sima Misquitta 2024 कक्षाको स्कूल काउन्सेलर हुनुहुनेछ, र Carley Kaercher 2025 कक्षाको स्कूल काउन्सेलर हुनुहुनेछ।
- तपाईंको सेड्युलमा परिवर्तनहरू हाम्रो एड/ड्रप अवधि (सेप्टेम्बर 15) को अन्त्यसम्म गर्न सकिन्छ। त्यसपछि कक्षाहरू थप्न सम्भव छैनन्। 9-15 पछि कक्षाहरू हटाउनुले W ग्रेड निम्त्याउन सक्छ।
- PSAT, SAT, ACT, तथा AP अभ्यास परीक्षाहरू शैक्षिक वर्षभरि शनिबार हुनेछन्। BHS स्कूल काउन्सेलरद्वारा निश्चित मितिहरू घोषणा गरिनेछन्। विद्यार्थीहरूलाई परीक्षाको लागि तयारी गर्न Khan Academy जस्ता निःशुल्क संसाधनहरूको प्रयोग गर्न र यी डाइग्नोस्टिक

उपकरणहरूद्वारा पहिचान गरिएका कौशलका अन्तरालहरू समाधान गर्नको लागि उनीहरूको गणित तथा अंग्रेजी शिक्षकहरूबाट विद्यालयपछि ट्युसन लिन प्रोत्साहित गरिन्छ।

**यातायात तथा खाद्य सेवा**

- स्कूलबाट जान-आउनको लागि यातायात
  - विद्यार्थी ड्रप अफ सेन्ट्रल लटमा 7:10-7:30 सम्म (कक्षा 9-12) हुनेछ। पिक अप सेन्ट्रल लटमा 2:15-2:30 सम्म (कक्षा 9-12) हुनेछ।
  - स्कूलको अगाडि सुरक्षा प्रवेशद्वार त्यो ठाउँ हो जहाँ अन्य कुनै ड्रप अफ वा पिक अफ हुनसक्छ।
  - बसहरूले विद्यार्थीहरूलाई दक्षिणी (पूल) प्रवेश द्वारमा ड्रप अफ र पिक अप गर्नेछन्। दक्षिणी लट ड्रप अफ तथा पिक अपको बेला निजी गाडीहरूको लागि बन्द हुनेछ।
  - स्कूल जान रोज्ने विद्यार्थीहरू, र स्कूल लगिने विद्यार्थीहरू सेन्ट्रल लट मार्फत प्रवेश गर्नेछन्। 7:10-7:30 मा आइपुग्ने 9-12 जना विद्यार्थीहरू सेन्टर लटको ढोकाहरूबाट प्रवेश गर्नेछन्।
  - स्टील सेन्टरका विद्यार्थीहरूले सेसनमा स्टील सेन्टर भएको तर BHS नभएको दिनहरूमा हाइ स्कूलबाट आउन-जान उनीहरूको आफ्नै यातायात प्रदान गर्न आवश्यक हुनेछ। अप-टू-डेट जानकारीको लागि स्टील सेन्टरको वेबसाइट हेर्नुहोस्।
- खाद्य सेवाबाट जानकारी यहाँ प्राप्त गर्न सकिन्छ: खाना सेवा अपडेटहरू

**बाल्डविन हाइ स्कूलको विद्यार्थी आचार संहिता**

- विद्यार्थी तथा परिवारहरूले BHS को विद्यार्थी आचार संहिता एक अर्कासँग समिक्षा गर्ने अपेक्षा गरिन्छ, ताकी हाम्रो स्कूलमा उत्कृष्टताको अपेक्षा सही ठहरियोस्। विशेष रूपले ध्यान दिनुपर्ने निम्न लिखित बुँदाहरू हुन्:
  - कुनै शिक्षकद्वारा स्पष्ट रूपमा अनुमति दिइसकेपछि सेल फोनको प्रयोगको अनुमति कक्षाकोठाहरूमा मात्रै दिइन्छ। सामान्य क्षेत्रमा फेकल्टी तथा कर्मचारीको विवेकमा विद्यार्थीलाई सेल फोनको प्रयोग गर्न दिइन्छ। आमाबुवाहरूले मुख्य कार्यालयमा कल गरेर विद्यार्थीहरूलाई भेट्न सक्छन्। विद्यार्थीहरूलाई सिधै टेक्स्ट वा कल नगर्नुहोस्।
  - विद्यार्थी, उनीहरूको झोला, तथा उनीहरूको गाडीलाई त्यस प्रशासकद्वारा कुनै पनि समय खोज-तलासी गर्न सकिन्छ जसलाई आमाबुवाको अनुमति बिना स्कूल नियमहरूको उल्लङ्घन भएका छन् भन्ने उचित सन्देह छ।
  - तपाईंले **http://bit.ly/2Mg5Tcb** बाट BHS विद्यार्थी आचार संहितामा पहुँच पाउन सक्नुहुन्छ।
  - प्रत्येकले **http://bit.ly/2GOIsD4** बाट डिस्ट्रिक्टको क्रोमबुक ह्याण्डबुक समिक्षा गर्नुपर्दछ।

**नर्सको कार्यालयबाट जानकारी**

- तल सूचिकृत विद्यार्थी स्वास्थ्य कागजातहरू स्कूलको नर्सलाई अनिवार्य पेश गर्नु पर्दछ।
  - सबै 12 कक्षाका विद्यार्थीहरूसँग दोश्रो Meningococcal खोपको सेप्टेम्बर 9 सम्म अनिवार्य कागजात हुनुपर्दछ।
  - आफ्नो जुनियर वर्षदेखि शारीरिक परिक्षणको कागजिकरण पेश नगरेका सबै 12 कक्षाका विद्यार्थीहरूले आफ्नो सिनियर वर्षको सुरुवातमा पेश गर्न आवश्यक हुन्छ।
  - सबै 11 कक्षाका विद्यार्थीहरूले शारीरिक परिक्षणको कागजिकरण पेश गर्न आवश्यक हुन्छ।